Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्षः २६ | अंकः २८ | वि.सं. २०८३ वैशाख २८ सोमवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण अष्टमी | Monday 11 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# चौकुनेलाई जिल्ल्याउँदै अघि बढ्यो सूर्यतारा सिमेन्ट

सिमेन्ट उत्पादनका हिसाबले ठूलो सम्भावना बोकेको सुर्खेतको पश्चिम क्षेत्रमा उद्योग स्थापनाका लागि भएको यो दोस्रो प्रयास हो । व्यवसायी अजय सुमार्गीको मुक्तिश्री सिमेन्ट इन्डस्ट्रिज प्रालिले चौकुने सिमेन्ट उद्योगको लाइसेन्स १६ वर्षदेखि होल्ड गरेर राख्दा सूर्यताराले भने छोटो समयमै उद्योगलाई पूर्णता दिने गरी तयारी थालेको छ । यसले कर्णालीमै लगानी र उत्पादन क्षमताका हिसावले सबैभन्दा ठुलो सिमेन्ट उद्योग स्थापना हुनेमा आशा जगाएको छ ।



**ओम शाही**
**सुर्खेत, २७ बैशाख ।**

पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-९, स्थित सुनकाँडामा सिमेन्ट उद्योग स्थापनाको कार्यले गति लिन थालेको छ। सुर्खेतको बराहताल गाउँपालिका-७, बाट उद्योगका लागि आवश्यक पर्ने कच्च पदार्थ (चुनढुंगा) निकालेर चौकुनेको सुनकाँडामा प्रशोधन गरी सिमेन्ट उत्पादन गर्ने लक्ष्यका साथ सूर्यतारा सिमेन्ट उद्योगले उद्योग स्थापनाको काम अघि बढाएको हो।

झण्डै १५ अर्ब लगानीमा सूर्यताराले उद्योगका लागि आवश्यक पूर्वाधार निर्माणलाई अघि बढाएको छ। सरकारले यसअघि सूर्यतारालाई बराहताल गाउँपालिका-७ स्थित लखरपाटामा ९५ हजार हेक्टर जमिनबाट चुनढुंगा उत्खनन् गर्ने अनुमति दिइसकेको छ। लगानी बोर्डले लगानी उद्योग स्थापनाका लागि लगानी स्वीकृत गरेपछि सूर्यताराले चौकुने गाउँपालिकामा उद्योग स्थापनाका लागि ४२ विघा जमिन खरिद गरेको थियो।

सिमेन्ट उत्पादनका हिसाबले ठूलो सम्भावना बोकेको सुर्खेतको पश्चिम क्षेत्रमा उद्योग स्थापनाका लागि भएको यो दोस्रो प्रयास हो। यसअघि चौकुने सिमेन्ट उद्योग सञ्चालन गर्ने भनिए पनि यसले मूर्त रुप लिन सकेको छैन। व्यवसायी अजय सुमार्गीको मुक्तिश्री सिमेन्ट इन्डस्ट्रिज प्रालिले चौकुने सिमेन्ट उद्योगको लाइसेन्स १६ वर्षदेखि होल्ड गरेर राख्दा सूर्यताराले भने छोटो समयमै उद्योगलाई पूर्णता दिने गरी तयारी थालेको छ।

यसले कर्णालीमै लगानी र उत्पादन क्षमताका हिसावले सबैभन्दा ठुलो सिमेन्ट उद्योग स्थापना हुनेमा आशा जगाएको छ। कम्पनीका प्रतिनिधि बुद्धिराज रिमालका अनुसार करिब ४२ बिघा जग्गामा फैलिएको यस आयोजनाको भौतिक संरचना र पहुँच मार्ग निर्माण कार्य अहिले जारी छ।

बाँकी ३ पेजमा

## खानी र उद्योग जोडन् १० किलोमिटर सडक

कर्णाली प्रदेश सरकारले प्रस्तावित सूर्य तारा सिमेन्ट उद्योगको खानी क्षेत्र बराहताल गाउँपालिका-७, को लखरपाटा र उद्योगस्थल चौकुने गाउँपालिका-९, स्थित सुनकाँडालाई जोड्न १० किलोमिटर सडक निर्माण गरिरहेको छ। चालु आर्थिक वर्ष २०८२/०८३ मा पाँच करोड बजेट व्यवस्थापन गरेर सडक स्तरोन्तीको काम तीव्र गतिमा भइरहेको छ।

पूर्वाधार निर्देशनालय सर्खेतका सूचना अधिकारीसमेत रहेका इन्जिनियर वीरेन्द्रजंग शाहीले आगामी साउनसम्म कालोपत्रे गरिसक्ने लक्ष्य रहेको बताए।

यद्यपी, मध्यपूर्वी देश इरानमाथि अमेरिका र इजरायलले थालेको युद्धका कारण इन्धन र निर्माण सामग्रीको मूल्य आकाशियपछि आयोजना प्रभावित भएको छ। 'लखरपाटादेखि सुनकाँडासम्मको १० किलोमिटर सडकको ट्र्याक खोल्ने काम करिब सम्पन्न भइसकेको छ,' उनले भने, 'सम्झौता अनुसार आगामी साउनसम्म सक्नुपर्ने हो। तर, इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले थप समय लाग्ने देखिन्छ।' त्यस्तै, उद्योगस्थलसम्म नेपाल विद्युत प्राधिकरणले ३३ केभी विद्युतको प्रशारण लाईन विस्तारको काम पनि जारी राखेको छ।

## १६ वर्षदेखि चौकुने सिमेन्टको लाइसेन्स होल्ड

व्यवसायी अजेयराज सुमार्गी अध्यक्ष रहेको मुक्तिश्री सिमेन्ट इन्डस्ट्रिज प्रालिले २० साउन २०६६ मा सुर्खेतको चौकुने गाउँपालिकामा सिमेन्ट उद्योग स्थापना गर्न खानी तथा भूगर्भ विभागसँग उत्खननको अनुमति लिएको थियो।

नेपालकै ठूलो सिमेन्ट उद्योग स्थापना गर्ने भन्दै सरकारबाट पटक-पटक सम्झौता नवीकरण गर्दै आएको छ मुक्तिश्री सिमेन्ट इन्डस्ट्रिज प्रालिले। तर, १६ वर्ष भइसक्दा पनि चौकुने सिमेन्ट उद्योगको काम अगाडि बढ्न सकेको छैन। ६ असार २०७६ असारमा व्यवसायी सुमार्गीले वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा भनेका थिए, 'सुर्खेतको चौकुनेमा स्थापना हुने सिमेन्ट कारखानाले २०७७ भदौ महिनादेखि उत्पादन सुरु गर्नेछ।' चौकुने सिमेन्ट उद्योग सञ्चालन गर्ने वचन दिएर फर्किएका सुमार्गी त्यसयता सुर्खेत आएका छैनन्।

'म दुई अर्बको लगानी गरेर अर्को वर्षको भदौमा सिमेन्ट उत्पादन गर्छु', सुमार्गीले भनेका थिए, 'यहाँ उत्पादन भएको सिमेन्ट भारतको राजधानी नयाँ दिल्ली र लखनउमा बेच्छु। सिमेन्ट कारखाना स्थापना हुनेमा अब कुनै पनि शंका मान्नु पर्दैन।' जग्गादातालाई कारखानामा ५० हजार बराबरको शेयर दिने वचन दिँदै उनले कामदारलाई पनि सोहीबराबरको शेयर दिने आश्वासनसमेत दिएका थिए।

यति मात्र होइन, कारखानामा सात सय जनालाई रोजगारी दिने र प्रतिदिन ६ सय मेक्ट्रिकटन सिमेन्ट उत्पादन गर्ने योजना रहेको सुमार्गीले सुनाएका थिए। तर, सुमार्गीले अहिलेसम्म पनि जग्गा प्राप्त गर्न नसकेको भन्दै लाइसेन्स होल्ड गरेर राखेका छन्।

बाँकी ३ पेजमा

# कांग्रेसको दुई दिने कर्णाली प्रदेशस्तरीय भेला

**युग संवाददाता**
**सुर्खेत, २७ बैशाख ।**

नेपाली कांग्रेसले सुर्खेतको वीरेन्द्रनगरमा कर्णाली प्रदेशस्तरीय दुई दिने भेला गर्ने भएको छ। विशेष महाधिवेशनपछि वैशाख २८ र २९ गते प्रदेश तथा स्थानीय तह केन्द्रित भेला गर्न लागेको हो। भेलालाई कांग्रेस सभापति गगनकुमार थापा उपसभापति विश्वप्रकाश शर्मा महामन्त्री प्रदीप पौडेल लगायतका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा प्रदेश स्तरीय भेलाको आयोजना गरिएको हो। पार्टीका शीर्ष नेताहरूको सहभागितामा आयोजना हुने भेला आगामी राजनीतिक कार्यदिशा, निर्वाचन समीक्षा तथा सुशासनका सवालमा केन्द्रित रहने जनाइएको छ।

भेलामा कर्णाली प्रदेशबाट पार्टीको केन्द्रीय कार्यसमितिमा प्रतिनिधित्व गर्ने सम्पूर्ण केन्द्रीय सदस्य, प्रदेश कार्यसमितिका पदाधिकारी, १० वटै जिल्लाका सभापति, प्रतिनिधिसभा सदस्य, प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख-उपप्रमुख तथा गाउँपालिका अध्यक्ष-उपाध्यक्षहरूको सहभागिता रहने बताइएको छ।

प्रतिष्ठानका सदस्य प्रकाश लामिछानेले भेलामा हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको वस्तुनिष्ठ समीक्षा, संगठनात्मक कमजोरीको पहिचान तथा पार्टीभित्रको अनुशासन र आन्तरिक एकतालाई सुदृढ बनाउने उद्देश्यमा केन्द्रित हुने बताए। भेलामा प्रदेश तथा स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीति, कार्यक्रम र जनमुखी विकास मोडेलबारे विस्तृत छलफल हुने उनको भनाई छ।

बदलिँदो जनमत र मतदाताको

बाँकी ३ पेजमा

# मेयरकै मिलोमतोमा केबलकार डिपिआरको नाममा ५० लाख झ्वाम

**काली बहादुर परियार**
**जुम्ला, २७ बैशाख ।**

चन्दननाथ नगरपालिकाका मेयर राजुसिंह कठायतले केबलकारको डिपिआरका नाममा ५० लाख रकम हिनामिना गरेको पाइएको छ। चुनावको समयमा नागरिक लाई केबलकार बनाउछु भनी भोट मागेका मेयर कठायतले केबलकार नबनाएरै डिपिआर तयार पारी ५० लाख रकम हिनामिना गरेको पाइएको हो।

जुम्लाका सामाजिक अभियान्ता उपेन्द्र बुढ्थापाले केहि समय अगाडि पत्रकार सम्मेलन गरि सम्मेलन मार्फत यस्तो प्रमाण सार्वजनिक गरेका थिए। केबलकारको नाममा डिपिआर तयार पारी ५० लाख रकम खर्च भएको भनी पत्रकार सम्मेलन मार्फत जानकारी गराएका थिए।

२०७९ को स्थानीय तहको निर्वाचनमा पार्टीले टिकट नदिए पछि कठायतले स्वतन्त्र उम्मेदवारी दर्ता गराएर चुनावमा होमीएका थिए। उनले म निर्वाचित भएपछि नगरपालिकामा केबलकार संचालनमा ल्याउछु भनी भोट मागी चुनाव समेत जिते र पाँच वर्षका लागि भन्दननाथ नगरपालिकाको नगर प्रमुख बने। सरकार आफ्नो हातमा आएपछि मेयर कठायतले केबलकारका नाममा डिपिआरका लागि भनी ५० लाख बजेट विनियोजन गरे।

नाम नभन्ने स्वार्थमा नगरपालिकाकै एक वडाध्यक्षले भने, मेयरले काठमाडौ बाट आफ्नै भतिजी लाई बोलाएर डिपिआरको सेटिङ्ग मिलाई २० लाख भतिजी र ३० लाख आफ्नो खल्तीमा हाली डिपिआर पास गरेका बताए।

उनले भने, अहिले कार्यकाल सकिन लाग्दा समेत नगरपालिकामा

बाँकी ३ पेजमा

## शान्ति र सद्भाव कायम गरौं ।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,

**सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

## सम्पादकीय....

# क्षतिग्रस्त १३२ केभीको मर्मतमा बिलम्ब नगर

केही दिनअघि आएको भीषण हावाहुरीका कारण ढलेको रुखले कोहलपुर-सुर्खेत १३२ केभी प्रसारणलाइनमा क्षति पुऱ्याउँदा कर्णाली प्रदेशको विद्युत सेवा अनियमित बनेको छ। लामो समय रुख कटान, जग्गा भोगाधिकार तथा विभिन्न कानुनी अल्झन पार गर्दै निर्माण सम्पन्न गरिएको १३२ केभी प्रशारण आयोजना तीन महिनाअघि मात्रै सञ्चालनमा आएको थियो । सञ्चालनमा आएको छोटो अवधिमै प्राकृतिक विपद्का कारण संरचनामा गम्भीर क्षति पुगेपछि आयोजनाको दिगोपन र गुणस्तरमाथी प्रश्न उठ्न थालेको छ। क्षति गम्भीर प्रकृतिको भएकाले मर्मत कार्य सम्पन्न गर्न लामो समय लाग्ने देखिएको छ। पोल मात्रै नभई संरचनाको आधार भाग अर्थात् फाउन्डेसनदेखि नै पुनःनिर्माण गर्नुपर्ने अवस्था रहेकाले तत्काल लाइन सञ्चालनमा ल्याउन नसकिने अवस्था सिर्जना भएको छ। कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण आयोजना कर्णाली प्रदेशको दीर्घकालीन विद्युत आपूर्तिका लागि महत्वपूर्ण पूर्वाधार हो।

लामो समयदेखि कमजोर विद्युत संरचना र पटक-पटकको विद्युत अवरोध झेल्दै आएको कर्णालीका लागि यो आयोजना लाइफलाइनका रूपमा प्रस्तुत गरिएको थियो। तर, सञ्चालनमा आएको तीन महिनामै हावाहुरीले ढालेको रुखका कारण दुई वटा पोल भाँचिएपछि आयोजनाको प्राविधिक तयारी र संरचनागत सुरक्षामाथि प्रश्न उठेको छ। सामाजिक सञ्जालमा धेरै प्रयोगकर्ताले निर्माण सामग्रीको गुणस्तर तथा प्रसारणलाइन निर्माणका क्रममा अपनाउनुपर्ने 'ग्राउण्ड क्लियरेन्स' लगायतका प्राविधिक मापदण्ड पर्याप्त रूपमा पालना नभएको दाबी गरेका छन्। उनीहरुले हावाका कारण ढलेको रुखले सहजै लाइन छोएकाले प्रसारणलाइनको सुरक्षात्मक दूरी र वन क्षेत्र व्यवस्थापनमा लापरवाही भएको आशंका व्यक्त गरेका छन् । यद्यपि, आयोजनाले भने क्षतिको मुख्य कारण असामान्य प्राकृतिक विपद् भएको जनाएको छ। अहिले घटनाको प्राविधिक मूल्यांकन भइरहेको र त्यसपछि मात्रै क्षतिको वास्तविक कारण तथा पुनःनिर्माणको विस्तृत योजना सार्वजनिक गरिने आयोजनाको भनाइ छ।

१३२ केभी लाइनका लागि सामान्यतया करिब ३० मिटर आसपासको करिडोर सुरक्षित राखिन्छ। यस क्षेत्रमा अग्ला रुख, घर वा अन्य संरचना बनाउन पाइँदैन। हावाहुरी, वर्षा वा प्राकृतिक विपद्का बेला रुख ढलेर लाइनमा नपरोस् भनेर 'भेजिटेसन म्यानेजमेन्ट' अत्यन्त महत्वपूर्ण मानिन्छ। धेरै दुर्घटना यही पक्ष कमजोर हुँदा हुने गर्छन्। १३२ केभी लाइनका पोल वा टावर हावाहुरी, भूकम्प र भार सहन सक्ने गरी डिजाइन गरिन्छ। फाउन्डेसन मजबुत हुनुपर्छ। माटोको प्रकृति, भूगोल र मौसमको जोखिम अध्ययन गरेर मात्रै संरचना निर्माण गरिने आयोजनाका तारमा रुख ढलेर भाँचिनुलाई प्राविधिक पाटोमा सामान्यरुपमा लिन हुँदैन । यसमा अर्को महत्वपूर्ण विषय प्रसारण आयोजनाको दायाँ, बायाँमा पर्ने जोखिमयूक्त रुखहरु जुनसुकै बेला पनि हटाउन सकिने गरी नीतिगत व्यवस्था हुन आवश्यक छ। यो आयोजना बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र जोखिमयूक्त रुखहरु काट्न नदिइएका कारण समस्यामा परेको हो। यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ। क्षतिग्रस्त प्रशारण आयोजनालाई पहिलेकै अवस्थामा सञ्चालन गर्न मर्मत कार्यलाई युद्धस्तरमा अघि बढाउन जरुरी छ।

# वालेन्द्र सरकारको एक महिना



✍ किशोर नेपाल



वालेन्द्र साहले प्रधानमन्त्री पद सम्हालेको सय दिन पनि नबित्दै देशमा 'सुशासन' प्रारम्भ भइसकेको छ। सरकारले आफ्ना कर्मचारीहरूका लागि साताको दुई दिन- शनिबार र आइतबार बिदा तोकेको छ। महिना मरेपछि उनीहरूले पाउने पारिश्रमिक अब पन्ध्र-पन्ध्र दिनमै पाउने भएका छन् । उनको ध्यान नदी किनारामा छाप्रो हालेर जीवन धानिराखेका सुकुमवासी र सुकुमवासीका अवतारमा नदी किनारमा कब्जा जमाएर बसेका 'हुकुमवासी' हरूबाट संघीय राजधानी काठमाडौंलाई मुक्त राख्न कडा कदम चाल्नमा केन्द्रित छ। उनको अनुहारको तेज र तत्पर व्यवहार देखेर जनता दंग परेका छन् ।

प्रधानमन्त्री वालेन्द्रले निर्वाचित संसद्को अधिवेशन बोलाएर निर्वाचित संसद् सदस्यहरूलाई शपथ ग्रहण गर्ने मौका प्रदान गरिसकेका छन् । निर्वाचित सांसदहरूको शपथ ग्रहणपछि संसद्को अधिवेशन स्थगित भएको छ। अर्को अधिवेशन सुरु नहुँदै उनले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आधा दर्जन अध्यादेश जारी गर्न पठाए। विधेयकहरू संसद्बाट पारित भएर ऐन बन्न समय लाग्ने हुँदा प्रधानमन्त्री वालेन्द्रले अध्यादेशको छोटो बाटो रोजेका थिए। राष्ट्रपति पौडेलले अलिकति हिचकिचाहट र अलिकति सहजताका बीच ती अध्यादेशलाई प्रमाणीकरण गरिदिएका छन्। देशमा विद्यमान संवेदनशील राजनीतिक अवस्थामा रार्ष्ट्रपति पौडेलसँग अर्को विकल्प पनि थिएन, सायद।

राष्ट्रिय स्वतन्त्र पार्टीले वालेन्द्र साहको नेतृत्वमा २१ फागुनको संसदीय निर्वाचनमा झन्डै दुईतिहाइ बहुमत हासिल गरेको थियो। वालेन्द्रले रास्वपाको घण्टी नबजाएको भए देशका स्थापित राजनीतिक दलहरूले नै यो चुनाव पनि जित्ने थिए। प्रजातन्त्र स्थापनाका लागि लामो संघर्ष गरेको नेपाली कांग्रेस र २०४६ को जनआन्दोलनको समयमा मार्क्सवादी-लेनिनवादीका रूपमा एकीकृत भएको नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) का अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीलाई उनकै चुनाव क्षेत्रमा पराजित गरेका वालेन्द्र प्रधानमन्त्रीका स्वाभाविक उम्मेदवार बने। आज उनी आफ्नै आर्जनमा प्रधानमन्त्री बनेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका पदाधिकारी र नेताहरू उनका अगाडि नतमस्तक देखिन्छन्।

सरकार प्रमुखका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीसँग वालेनको सम्बन्ध 'कार्यगत' रहेको स्पष्ट देखिन्छ। रास्वपाका कुनै पनि सांसदसँग प्रधानमन्त्री बालेनको गहिरो 'आत्मीय' सम्बन्ध देखिँदैन। रास्वपाका एक सांसदका अनुसार, पार्टीका नेता र सांसदहरू प्रधानमन्त्री वालेन्द्रसँग हच्किन्छन्। वालेन्द्रको मनमा के छ ? त्यसको भेउ पाउन कसैका लागि पनि सहज छैन। उनका केही मित्रहरूका अनुसार, पेसाले इन्जिनियर वालेन्द्रको 'दिमाग' को इन्जिनियरिङ कसैले बुझेका छैनन्। उनले आफ्नो व्यक्तित्वलाई पहिरनको आवरणमा लुकाएका छन्। चर्चा भएअनुसार, प्रधानमन्त्री वालेन्द्रले पार्टी अध्यक्ष रवि लामिछानेलाई आफ्नो सरकारी आवासको बैठकमा 'डेढ घण्टा कुराएका' थिए। त्यो डेढ घण्टा उनी आफ्नी छोरीसँग खेल्दै थिए। अन्ततः अध्यक्ष लामिछाने प्रधानमन्त्री बालेनसँग नभेटी आवासबाट निस्किए। यो घटना काल्पनिक हो कि यथार्थ ? त्यो त प्रधानमन्त्री वालेन्द्र र अध्यक्ष लामिछानेले बताउने विषय हो। तर, वालेन्द्रको व्यक्तित्व बुझेका मानिस यसलाई होइन भन्ने अवस्थामा छैनन्। नेपालका प्रधानमन्त्रीहरूले आफ्नो व्यक्तिगत समय समेत राजनीतिमा खर्च गर्ने गरेको देखिन्छ। वालेन्द्रले आफ्नो व्यक्तिगत समय सुरक्षित राखे भने त्यसको खिसीट्युरी गर्नुपर्ने कारण छैन।

सबैभन्दा महत्त्वपूर्ण घटना गत बिहीबार मात्र भएको छ। सर्वोच्च अदालतको नेतृत्व गर्ने प्रधानन्यायाधीशको नियुक्तिका लागि बसेको संवैधानिक परिषद्को बैठकमा प्रधानमन्त्री वालेन्द्रको प्रस्ताव अनुसार सर्वोच्च अदालतका चौथो वरीयताका न्यायाधीश मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गऱ्यो ।यो निर्णयपछि न्याय र कानुनी क्षेत्रका व्यक्तित्वहरूबाट नकारात्मक प्रतिक्रियाहरू आए। अरू त अरू, वालेन्द्रलाई आफ्नो 'छोरा' सरहको व्यवहार गर्ने अन्तरिमकालीन प्रधानमन्त्री सुशीला कार्कीले समेत वालेन्द्रको आलोचना गर्नुपर्ने अवस्था आयो। संविधान र कानुनविद्हरूको नकारात्मक प्रतिक्रियाले मूलधारका सञ्चारमाध्यम र सामाजिक सञ्जाल भरियो। प्रधानमन्त्री वालेन्द्रले यस्तो निर्णय त्यत्तिकै गरेका होइनन्। तर, आफ्नै लागि प्रतिकूल हुने काम उनले किन गरे ?

प्रधानमन्त्रीका रूपमा वालेन्द्र कस्तो समाज निर्माण गर्न चाहन्छन् ? उनी विकासको कुन 'मोडल' समातेर देशको विकास गर्न चाहन्छन् ? यस्ता विषयमा उनले समय खर्च गरेको देखिँदैन। वालेन्द्र पट्यारलाग्दा भाषण गर्न रुचाउँदैनन् भन्ने त प्रकट भइसकेको छ। राम्रा र रोचक गीत गाउने कलाकारहरू व्यर्थका अनुत्पादक छलफल र बहसमा अल्मलिन चाहँदैनन्। तर, उनी आफ्ना यी गुणहरूका आधारमा प्रधानमन्त्री पदमा बसेका छन् भन्ने कसैले सोच्छ भने त्यो भ्रम हो। आफ्ना व्यक्तिगत गुणहरूका आधारमा मात्रै उनी प्रधानमन्त्री भएका होइनन्। उनले नेपाली राजनीतिमा दैवी शक्ति र 'पारम्परिक' शक्तिको महत्त्व बुझेका छन्। उनले अन्तरर्ष्ट्रिय परिस्थितिको पनि गहिरो ज्ञान राखेका छन्।

यतिबेला संसारभरि नै मानिसको उदार चेतना र जीवन मूल्यप्रतिको उसको आस्था कमजोर भएको छ। यस्तो बेला वालेन्द्रको महत्वाकांक्षालाई अगाडि बढाउन विभिन्न शक्तिहरू अग्रसर भएका छन्। उनी आफैंले कुनै पार्टी खोलेका छैनन्। उनको आर्थिक दृष्टिकोण पनि स्पष्ट छैन। उनलाई एउटा विषयको राम्रो ज्ञान छ- शक्ति बन्दुकको नलीबाट आउँछ। बन्दुकको शक्तिसँग वालेनको 'आवश्यकता' र 'अनिवार्यता' नाता जोडिएको स्पष्ट देखिन्छ। यो कुरा दोहोऱ्याइरहनुको कुनै औचित्य छैन।

अहिलेको नेपाली राजनीतिको सन्दर्भमा देशको हितमा चासो राख्ने सबैले यति विषय बुझ्ने पुग्छ- लोकतन्त्रको इतिहास ठूलठूला आश्चर्यजनक घटनाले भरिएको छ। तर, घटना जति आश्चर्यजनक भए पनि जनताको लोकतन्त्रको अस्तित्वको अपहरण कसैबाट पनि हुन सक्दैन। जतिसुकै भीषण आन्तरिक विवादले होस् वा एकाधिकारवादी शासन व्यवस्थाको चापले होस्, अहिलेको समयमा कसैले पनि जनताको मुख थुन्न सक्दैन। जनता जतिसुकै सोझा र सरल भए पनि, उनीहरूमा प्रतिरोधको भावना हुन्छ, हुन्छ। जनताका लागि आफ्नो आत्मसम्मान र व्यक्तिगत स्वतन्त्रता अत्यन्त मूल्यवान् हुन्छ।

वालेन्द्रको नेतृत्वमा चुनाव लडेको राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुईतिहाइ मत पाएर सरकार बनाएको अवस्थामा नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी लगायतका देशका प्रमुख राजनीतिक पार्टीका नेताहरू संज्ञाशून्य भएका छन्। तर, आजको राजनीतिक परिस्थितिमा पनि प्रमुख पार्टीहरू राजनीतिक हिसाबले निष्क्रिय रहेका छैनन्। यद्यपि, उनीहरूमा रहेको यो सक्रियता पर्याप्त छैन। रास्वपाका कतिपय समर्थकहरू देशका प्रतिष्ठित पार्टीहरूलाई आफूले पराजित गरेको मानसिकतामा देखिन्छन्। उनीहरूले यो विषय बुझ्नुपर्छ- लोकतन्त्रमा राजनीतिक दलहरूका बीच जय र पराजय नयाँ विषय मानिँदैनन्। गणतान्त्रिक राजनीतिमा समीकरण परिवर्तन अस्वाभाविक होइन। अहिले केन्द्रमा बन्ने कुनै पनि सरकारले प्रादेशिक सन्तुलनमा बढी ध्यान दिनुपर्छ।

यतिबेला नेपालको राजनीति सीमित संख्यामा रहेका कुलीन र सम्भ्रान्त वर्गको गहिरो प्रभावमा रहेको छ। नेपालको राजनीतिमा कुनै पनि नेताका लागि जनताका बीच लोकप्रिय हुनु मात्र पर्याप्त छैन। यसका लागि लोकतन्त्रको सिद्धान्त र मान्यता अनुरूप शासन चलाउन नचाहने कुलीनतन्त्रका प्रतिनिधिहरूको स्वार्थ र षड्यन्त्रका विरुद्ध लड्नुको कुनै विकल्प छैन।

दुर्भाग्यवश, २०४६ मा प्रजातन्त्रको पुनःस्थापनापछि पनि जनताको राजनीतिमा कुलीनतन्त्र हाबी हुने क्रम यथावत् छ। राजनीतिका तन्तुहरू कुलीनतन्त्रकै कब्जामा पर्न थालेका छन्। चाहे कांग्रेस होस् वा एमाले होस् वा नेपाली कम्युनिस्ट पार्टी वा भर्खरै चिचिला हाल्न थालेको राष्ट्रिय स्वतन्त्र पार्टी- राष्ट्रिय पार्टीहरूभित्र कुलीनतन्त्र हाबी भइसकेको छ। नेपालको राजनीति अहिलेसम्म आधुनिकताको चरणमा उक्लिन पाएको छैन। यो विषय सबै पार्टीका महत्त्वपूर्ण नेताहरूले बुझ्नुपर्छ।

नेपालका सबै राजनीतिक दलहरूमा वैधानिक वा अवैधानिक ढंगले सम्पत्ति आर्जन गर्ने वर्गको बलियो पकड छ। देशको सबैभन्दा नयाँ पार्टी- राष्ट्रिय स्वतन्त्र पार्टी- मा यो वर्गको झन् बलियो प्रभाव रहेको देखिन्छ। नेपालको राजनीतिमा लागेका कतिपय व्यक्तित्वहरूको प्रभावको प्रयोग गरेर अकुत सम्पत्ति आर्जन गर्ने भुइँफुट्टाहरूका लागि सरकार बनाउनु र गिराउनु सामान्य खेल हो। जनता आर्थिक संकटको चेपमा अल्झिइरहेको समयमा समेत स्वपोषणमा लागेका राजनीतिकर्मी र नेतृत्वसँग जनताले के आशा राख्ने ? तैपनि, नेपालको राजनीतिक पटलमा देशप्रति सचेत नेतृत्वको प्रादुर्भाव होला र देशले विकासको गति लेला भन्ने आशा त गर्नैपर्छ। तर, यो आशा लिने आधार अझै देखिएको छैन। नेताले विकासको आशा प्रकट गरेर मात्रै हुँदैन, परिवर्तनका लागि सक्रिय अग्रसरता लिनुपर्छ। त्यसका लागि देशप्रति सम्पूर्ण समर्पण भाव हुनुपर्छ।

राजनीतिक दलहरूबिनाको लोकतन्त्रको कल्पना गर्न सकिँदैन। तर, लोकतन्त्रका नाममा राजनीतिक दलहरूले जनताको मर्यादा राख्न सकेनन् भने लोकतन्त्र खण्डित हुन्छ। जनताले कुनै एक राजनीतिक दललाई एक पटक जिताउनुको अर्थ आफ्नो सार्वभौम अधिकार सधैंका लागि जिम्मा लगाउनु होइन।

अहिले हामी जुन भयावह आर्थिक र सामाजिक स्थितिमा छौं, यसमा सामान्य ढंगले परिवर्तन आउन सक्दैन। पत्रकार लिंकन स्टेफेन्स आफ्नो पुस्तक 'रिभोल्ट इज नट रिफर्म' मा लेख्छन्- भ्रष्टतन्त्रका विरुद्ध क्रोध र आवेगको एक झोंक्का मात्रै पर्याप्त हुँदैन। भ्रष्टतन्त्र समूल अन्त्य गर्नका लागि जनताको क्रोध र आवेगमा निरन्तरता चाहिन्छ। *(कान्तिपुर)*

## विश्व

# 'हान्टाभाइरस' प्रभावित पानीजहाज स्पेन पुग्दै, स्थानीयलाई नआत्तिन आग्रह



**टेनेरिफ, २७ वैशाख ।**

स्पेनको क्यानरी टापुतर्फ गइरहेको 'हान्टाभाइरस' प्रभावित पानीजहाजका विषयमा विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम घेब्रेयससले स्थानीय नागरिकलाई नआत्तिन आग्रह गरेका छन् । उनले वर्तमान अवस्था 'अर्को कोरोना महामारीजस्तो नभएको' स्पष्ट पार्दै जनस्वास्थ्य जोखिम हाल न्यून रहेको बताएका छन् ।

नेदरल्यान्ड्सको झण्डा बोकेको 'एमभी होन्डियस' नामक पानीजहाजमा १४० भन्दा बढी यात्रु तथा चालकदलका सदस्य रहेका छन् । उक्त जहाज पश्चिम अफ्रिकाको तट नजिक रहेको स्पेनको क्यानरी टापु समूहअन्तर्गत टेनेरिफे टापुमा आइतबार बिहान पुग्ने अपेक्षा गरिएको छ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस, स्पेनकी स्वास्थ्य मन्त्री मोनिका गार्सिया तथा गृहमन्त्री फर्नान्डो ग्रान्दे-मार्लास्का शनिबार टेनेरिफे पुगेर यात्रु तथा चालकदललाई सुरक्षित रूपमा जहाजबाट बाहिर निकाल्ने कार्यको समन्वय गर्ने तयारीमा रहेका छन्।

स्थानीय बासिन्दालाई सम्बोधन गर्दै टेड्रोसले विगतको कोरोना महामारीको पीडा अझै ताजा रहेकाले मानिसहरूमा चिन्ता हुनु स्वाभाविक भएको बताएका थिए। तर उनले हाल देखिएको हान्टाभाइरसको अवस्था कोरोना महामारीसरह नभएको र जोखिम नियन्त्रणमै रहेकोमा जोड दिए।

विश्व स्वास्थ्य सङ्गठन, स्पेनी अधिकारीहरू तथा जहाज सञ्चालन कम्पनीका अनुसार हाल जहाजमा रहेका कसैमा पनि भाइरसको लक्षण देखिएको छैन। सम्बन्धित निकायहरूले यात्रुहरूको स्वास्थ्य अवस्थामाथि निरन्तर निगरानी राखिरहेका छन्।

हान्टाभाइरस प्रायः मुसा तथा अन्य कृन्तक जनावरबाट सर्ने भाइरस हो। यसको सङ्क्रमणले ज्वरो, थकान, श्वासप्रश्वासमा समस्या लगायत गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ। यद्यपि विशेषज्ञहरूले हालको अवस्थालाई नियन्त्रणयोग्य रहेको बताएका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — हाँसखेल र मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ।

**वृष** — मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ।

**मिथुन** — अवसर र व्यवधानको उतारचढावबाट न्यून प्रतिफल हातपार्न सफल भइनेछ । धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ।

**कर्कट** — आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

**सिंह** — योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ।

**कन्या** — आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ।

**तुला** — नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ।

**वृश्चिक** — अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ। आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। इच्छाविपरीत अरूको करकापमा काम गर्न बाध्य भइनेछ।

**धनु** — आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ। श्रमको उचित मूल्य पाइनेछ।


**मकर** — प्रतिष्ठित काम गरेर धेरैको मन जित्न सकिनेछ । समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ। सामाजिक कार्यले हौसला प्रदान गर्नेछ।

**कुम्भ** — चुनौतीभित्र अवसर खोज्ने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुन सक्छ । शारीरिक कमजोरीले चिन्ता बढाउनेछ ।

**मीन** — प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । स्वास्थ्य कमजोर रहनाले जोसजाँगरमा कमी आउनेछ।

# बाँकेमा ९ महिनामै ७२९ क्षयरोगी फेला

# एआई एक्स–रे प्रविधिबाट सक्रिय खोज अभियान तीव्र



**युग संवाददाता**
**बाँके, २७ वैशाख ।**
बाँकेमा चालू आर्थिक वर्षको पहिलो नौ महिनामा ७२९ जना क्षयरोगका बिरामी फेला परेका छन् । स्वास्थ्य कार्यालय बाँकेका क्षयरोग फोकल पर्सन रविन्द्र कुमार शाहका अनुसार साउनदेखि चैत मसान्तसम्म उक्त सङ्ख्यामा बिरामी पहिचान भएका हुन् ।

जिल्लामा सबैभन्दा बढी बिरामी नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकामा फेला परेका छन् । नेपालगञ्जमा २०० जना तथा कोहलपुरमा १२९ जना क्षयरोगी पहिचान भएका छन् । त्यसैगरी बैजनाथ गाउँपालिकामा ९३, खजुरा गाउँपालिकामा ९२, डुडुवा गाउँपालिकामा ६२, जानकी गाउँपालिकामा ५८, राप्तीसोनारी गाउँपालिकामा ५० तथा नरैनापुर गाउँपालिकामा ४५ जना बिरामी फेला परेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

गत आर्थिक वर्षमा बाँकेमा कुल १ हजार १८२ जना क्षयरोगी फेला परेका थिए । पछिल्लो समय जिल्लामा एआई एक्स-रे प्रविधिमार्फत क्षयरोगको सक्रिय खोजपड्ताल अभियान सञ्चालन भइरहेको छ । समुदायस्तरमा नेपालगञ्ज र खजुरामा सञ्चालन गरिएको शिविरबाट मात्रै १४ जना नयाँ क्षयरोगी पहिचान गरिएको शाहले जानकारी दिए ।

नेपालगञ्ज उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक तथा क्षयरोग फोकल पर्सन विनोद विकका अनुसार नेपालगञ्जका वडा नं. १२, १४, २०, २१ र २२ मा गरिएको परीक्षणका क्रममा ८ जना क्षयरोगी फेला परेका छन् । तीमध्ये वडा नं. १४ का एक जना बिरामीको अवस्था गम्भीर रहेकाले भर्ना गरेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए ।

त्यस्तै खजुरा गाउँपालिकामा गरिएको परीक्षणका क्रममा ६ जना बिरामीमा क्षयरोग पुष्टि भएको छ । त्यसमध्ये वडा नं. ८ का एक जना बिरामीलाई पनि अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने अवस्था रहेको जनाइएको छ ।

**जिल्ला कारागारमा पनि सुरु भयो एआई एक्स–रे परीक्षण**

नेपालगञ्जस्थित जिल्ला कारागारमा रहेका कैदीबन्दी, सुरक्षाकर्मी तथा कर्मचारीहरूको क्षयरोग पहिचान गर्न एआई एक्स-रे विधिबाट खोजपड्ताल शिविर सुरु गरिएको छ । क्षयरोग फोकल पर्सन शाहका अनुसार कृत्रिम बुद्धिमत्तामा आधारित यो प्रविधिबाट छातीको एक्स-रे तस्वीर कम्प्युटर प्रणालीमा विश्लेषण गरी फोक्सोमा देखिने असामान्य दाग, संक्रमण वा क्षयरोगसँग मिल्ने सङ्केत पहिचान गरिन्छ । यसले क्षयरोगको सम्भावना मूल्याङ्कन गरी छिटो रिपोर्ट उपलब्ध गराउने भएकाले रोग पहिचानमा सहजता आएको उनले बताए । शिविर उद्घाटन गर्दै लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशकले प्रदेश सरकारले क्षयरोग मुक्त अभियानअन्तर्गत रोगी पहिचान र उपचार पहुँच विस्तारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

उनले प्रदेश सरकार तथा विभिन्न संघसंस्थासँगको सहकार्यमा समुदायस्तरमै पुगेर अभियान सञ्चालन गरिएको उल्लेख गर्दै एआई एक्स-रे प्रविधिले फोक्सोसँग सम्बन्धित क्षयरोग पहिचान गर्न प्रभावकारी भूमिका खेलेको बताए ।

त्यस्तै वि.एन.एम.टी.का कार्यक्रम संयोजकले नेपाललाई क्षयरोगमुक्त बनाउने लक्ष्य सफल बनाउन समुदायमा लुकेर रहेका बिरामीको पहिचान गरी उपचारको पहुँचमा ल्याउन आवश्यक रहेको बताए ।

## मेयरकै...

केबलकार बन्ने कुनै छाडकाड देखिएको छैन । भतिजी र आफू मिलि ५० लाख रकम इ्वाम पारे पछि अहिले नगर प्रमुख कठायत ५० लाख पचाउन आराम गरिरहेका छन् ।

नगरपालिकाले केबलकार परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पार्न ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको भए पनि त्यसको उपलब्धि र पारदर्शिता माथि अहिले बहस सुरु भएको छ । स्थानीय स्रोतहरूका अनुसार डीपीआर निर्माणका नाममा ठूलो रकम खर्च गरिएको भए पनि योजना कहाँ पुग्यो भन्ने बारे नगरपालिकाले स्पष्ट जानकारी सार्वजनिक गरेको छैन ।

डीपीआर तयार भयो भनिन्छ, तर त्यो कहाँ छ ? के अध्ययन भयो ? के सम्भाव्यता हेरियो ? किन निर्माण प्रक्रिया अघि बढेन ? भन्ने प्रश्न अहिले नगरवासी बीच चर्को रूपमा उठिरहेको छ । नगरपालिका भित्रै केही व्यक्तिहरूले डीपीआर प्रक्रियामा नातावाद र पहुँचको राजनीति भएको आरोप लगाइरहेका छन् ।

यद्यपि यी आरोपहरू बारे आधिकारिक छानबिन वा प्रमाण सार्वजनिक भइसकेको छैन । तर सार्वजनिक रकम खर्च भएको विषयमा पारदर्शिता आवश्यक रहेको भन्दै स्थानीयहरूले नगरपालिका सँग जवाफ मागिरहेका छन् । स्थानीय युवाहरू भन्छन्, चुनावमा ठूला सपना देखाइयो ।

## कांग्रेसका...

मनोविज्ञानलाई ध्यानमा राख्दै पार्टीको भावी नीतिगत परिमार्जन, संगठन शुद्धीकरण तथा जनप्रतिनिधि र नेतृत्वबीच साझा धारणा निर्माणमा पनि विशेष जोड दिइनेछ । त्यसैगरी सुशासन, भौतिक पूर्वाधार विकास, सामाजिक रूपान्तरण, विपद् व्यवस्थापन तथा बजेट व्यवस्थापनका प्राथमिकताबारे स्पष्ट कार्ययोजना तय गरिने बताइएको छ । नागरिकमैत्री बजेट निर्माण, समावेशी विकास र पार्टी तथा जनप्रतिनिधिबीच प्रभावकारी समन्वयका विषयमा समेत गहन छलफल हुने आयोजकले जनाएको छ ।


दुईदिने छलफलपछि ‘सुर्खेत घोषणापत्र’ जारी गर्दै कर्णालीको विकास, समृद्धि र सुशासनबारे पार्टीको आधिकारिक धारणा सार्वजनिक गरिने तयारी गरिएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५।०५।२६ मा दर्ता भएको प्रा.लि.न. ५६१०२ को **रुपा भ्यू ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

# ‘सरकारी रकमबाट आएको बजेट दुरूपयोग होइन संरक्षण गर्नुस’



**युग संवाददाता**
**सुर्खेत, २७ वैशाख ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सरकारी रकमबाट आएको बजेटलाई सबै नागरिकले आफ्नो सम्पत्ति सम्झेर संरक्षण र सदुपयोग गर्नुपर्ने बताएका छन् ।

बराहताल गाउँपालिका-८ नं. वडाको नवनिर्मित वडा कार्यालय भवनको शुभारम्भ गर्दै मुख्यमन्त्री कँडेलले संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न वडा तहले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । उनले विकास निर्माणका योजनाहरू पारदर्शी र परिणाममुखी ढंगले अघि बढाउन जनप्रतिनिधि तथा स्थानीय समुदायको सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

मुख्यमन्त्री कँडेलले अहिले सूचना र प्रविधिको पहुँच व्यापक बनेको भन्दै गाउँको मात्र नभई देशभरका गतिविधि मोबाइलमार्फत सहजै थाहा पाउन सकिने बताए । उनले जनताले सरकारका कामलाई नजिकबाट नियालिरहेको उल्लेख गर्दै विकासका काम जनतामाझ स्पष्ट रूपमा पुऱ्याउन आवश्यक रहेको धारणा राखे । “काम राम्रो भए जनताले विश्वास गर्छन्,” उनले भने, “जनतामा विश्वास दिलाउन सक्ने गरी काम गर्नुपर्छ ।”

उनले विगतको निर्वाचनको तुलनामा अहिलेको निर्वाचन फरक देखिएको टिप्पणी गर्दै जनताको चेतना र चासो बढेको बताए । मुख्यमन्त्री कँडेलले विकासलाई साझा अभियानका रूपमा अघि बढाउन सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए ।

उनले आफ्नो ठाउँमा बसेर एउटै स्वरका साथ विकासका काममा लाग्न आग्रह गर्दै स्थानीय विकासको जिम्मेवारी स्थानीय नागरिककै काँधमा रहेको बताए । “आफ्नो ठाउँको विकास आफैंले गर्ने हो,” उनले भने, “समय बिताउने कि सम्झनलायक काम गर्ने भन्ने कुरा अब हामीले तय गर्नुपर्छ ।”

उनले जसले राम्रो काम गर्छ, त्यसैलाई जनताले अगाडि बढाउने भन्दै जिम्मेवार र जनमुखी कार्यशैली अपनाउन जनप्रतिनिधिहरूलाई आग्रह गरे । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको सहभागिता रहेको थियो ।

**सिलबन्दी टेन्डर (बोलपत्र) आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित : २०८३।०१।२८ गते)**

समाज जागरण केन्द्र (स्याक) नेपाल वीरेन्द्रनगर, सुर्खेतले विगत ३१ वर्षदेखि सामाजिक रुपान्तरणका क्षेत्रमा विभिन्न साझेदार संस्था र सरकारी निकायसंगको साझेदारीमा कार्य गरिरहेको छ। सेभ द चिल्ड्रेनको, आर्थिक सहयोगमा सुर्खेत जिल्लाको वराहताल गाँउपालिकामा संचालित Improved Cook Stove-ICS परियोजनाका लागि आवश्यक पर्ने सुधारिएको चुलो खरिद गर्न‘ पर्ने भएकोले इन्छुक फर्महरुले आवश्यक कागजात सहित सिलवन्दी टेन्डर पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरुः**

१. सुधारिएको चुलाहरु सम्बन्धी टेन्डर आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट यहि मिति २०८३।०१।२८ देखि २०८३।०२।१७ गते ५:०० बजेसम्म आवश्यक कागजात सहित (फर्म दर्ता प्रमाणपत्रका फोटोकपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रका फोटोकपि, आ.व.२०८१/८२ को कर चुक्ताका प्रमाणपत्रका फोटोकपि) टेण्डर पेश गर्नु पर्ने छ ।
२. सिलबन्दी टेन्डर पेश गर्दा आपूर्तिकताका आधिकारिक प्रतिनिधि आफै उपस्थित भइ वा हुलाक वा कुरियर मार्फत समेत पेश गन सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएका सिलबन्दी टेन्डर सूचना प्रकाशित भएको मितिबाट २०८३।०२।१७ दिनका ५:०० बजे भित्र प्राप्त भैसक्नुपर्नेछ । साथै टेन्डर पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिन पनि कार्यलय संचालनमा हुने र टेन्डर पेश कुनै पनि वाधा पर्ने छैन ।
३. म्याद नाघी वा रित नपुगी आएका टेन्डरउपर कुनै कारबाही हुने छैन ।
४. दर्ता भएका टेन्डर पत्रहरु २०८३।०२।१८ गते दिनको ११:३० बजेमा टेन्डर पत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिन छ । टेन्डर पत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि टेन्डर खोल्न बाधा पर्ने छैन ।
५. आपुर्तिकर्ताले तोकिएका स्थानसम्म सामाग्री ढुवानी गरी उपसमिति वा कर्मचारी चेकजांच भएपछि मात्र संस्थाले भुक्तानी गर्नेछ ।
६. टेन्डर सम्बन्धी कुनै कुरा बुझ्न परेमा स्याम नेपालको केन्द्रिय कार्यालय वीरन्द्रनगर सुर्खेतमा सम्पर्क राख्न सकिनेछ ।
७. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो सूचना पहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ ।
८. टेन्डर पेश गर्दा टेन्डरका साथमा भ्याट बाहेकको रकमको मुल्यमा कम्तीमा २.५ प्रतिशत रकमको बैक ग्यारेन्टी पेश गर्नु पर्नेछ । टेन्डर खोलिन मिति देखि गणना हुनेगरी कम्तीमा ९० दिन उल्लेख गर्नु पर्नेछ । उक्त बैक ग्यारेन्टी नेपाल राष्ट बैंकबाट “क” वर्गका इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको सक्कल बैंक जमानत टेन्डरमा संलग्न गर्नु पर्नेछ ।
९. दर्ता भएका टेन्डर स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार समाज जागरण केन्द्र (स्याक) नेपालमा सुरक्षित रहनेछ ।

**सुधारिएको चुलाहरुको विवरण**

| सि.नं. | सामाग्रीहरुको नाम | इकाई | परिमाण |
|---|---|---|---|
| 1 | Metal SSM X-28 Portable Stove | Pcs | 480 |

थप जानकारीका लागि
**समाज जागरण केन्द्र (स्याक) नेपाल**
वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. ०८३-५२१२८२

## चौकुनेलाई...

‘अहिले चौकुने गाउँपालिका-९, को सुनकाँडामा उद्योगका संरचनाहरु निर्माण गरिरहेका छौं,’ रिमाल भन्छन्, ‘तत्काल फिल्ड गर्ने, इन्टर्नल पहुँच मार्ग, प्रशासनिक भवन, उद्योगका प्लान्ट तथा मजदुर आवास लगायतका संरचना निर्माण भइरहेका छन् ।’

आगामी १५ महिनाभित्र उत्पादन सुरु गर्ने लक्ष्य राखिएको यस उद्योगले दैनिक २४ सय टन सिमेन्ट उत्पादन गरी कर्णाली र सुदुरपश्चिममा आपूर्ति गर्ने लक्ष्य राखेको छ । ढुवानी खर्च कम हुने भएकाले स्थानीय बजारमा सिमेन्टको मूल्य घट्ने र यसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पाँच देखि ६ हजार मानिसलाई रोजगारी सिर्जना हुने रिमालले बताए ।

‘हामीले अबको १४ देखि १५ महिना भित्रमा उद्योगको प्लान्ट तयारी गरेर उत्पादन गर्ने लक्ष्य राखेका छौं,’ उनी भन्छन्, ‘उद्योग पूर्णरुपमा सञ्चालनमा आएपछि पाँच देखि ६ हजार जनाले प्रत्येक्ष र अप्रत्यक्ष रोजगारी पाउछन् ।’ यद्यपि, पर्याप्त बिजुली, खानी क्षेत्रबाट उद्योगस्थल जोड्ने सडक तथा पानीको अभाव र दक्ष जनशक्तिको कमी जस्ता मुख्य चुनौतीहरू अझै कायम रहेको उनले बताए ।

रिमाल भन्छन्, ‘अहिलेसम्मको वस्तुगत स्थिति अनुसार खानी क्षेत्रबाट उद्योगसम्म कच्चा पदार्थ ढुवानी गर्न पहुँच मार्ग बनि सकेको छैन । बत्ती पनि आएको छैन । पानीको समस्या पनि उत्तिकै छ । कतिपय पूर्वाधार निर्माणका कामहरु चरणबद्ध रुपमा हुँदै पनि छन् । तर, कतिपय कुरा जस्तो बिजुलीको लाइन तान्ने काममा ढिला भइरहेको छ । पानीको समस्या पनि ठुलै छ ।’ पश्चिम सुर्खेतका पहाडमा पाइने चुनढुंगाबाट गुणस्तरीय सिमेन्ट उत्पादन गर्न सकिने सम्भावना अहिलेको भने होइन ।

खानी विभागले २०३५ देखि २०३९ सालसम्म पश्चिम सुर्खेतमा चुनढुङ्गा परीक्षण गरेर सिमेन्ट उत्पादन गर्न तथ्य प्रमाणित गरेको थियो । त्यसयता धेरै पटक सिमेन्ट उद्योग स्थापना गर्ने चर्चा चलेका छन् । तर, ति चर्चामै सीमित छन् । सरकारले चुनढुंगा पहिचान गरेको ४७ वर्ष बितिसक्दा पनि उद्योग स्थापनाको कुनै संकेत देखा नपरेपछि उद्योग स्थापना हुनेमा स्थानीयहरु अझै आश्वस्त भइसकेका छनन् । पछिल्लो समय सूर्यतारा सिमेन्टले पूर्वाधार निर्माणमा देखाएको चासोमा सरकारले आवश्यक पूर्वाधारमा सहजीकरण गरिदिएमा यो पश्चिम सुर्खेतको मात्र नभई समर्ग कर्णालीको आर्थिक विकासमा ठूलो टेवा पुग्ने निश्चित छ ।

## १६ वर्षदेखि...

लामो समयसम्म उद्योग स्थापनाले गति लिन नसकेपछि लाइसेन्स रद्द गर्नुपर्ने आवाज स्थानीयस्तरबाट उठेपनि निर्माण कम्पनी भने अझै जग्गा खरिदकै गोलचक्करमा छ । उद्योग स्थापनाको कामले गति लिन नसक्नुमा कम्पनीलाई दबाब र पहल गर्न नसक्नु तीनै तहका सरकारको कमजोरीले पश्चिम सुर्खेतको विकास हुन नसकेको स्थानीय जीवन देवकोटा बताउँछन् ।

**बजारबाट सामग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा ।**

**क्रेता वा सामाग्री खरिदकर्ताले:**
- विल वा रसिदको विवरण ठीक छ किन छैन जाँच गरौं,
- सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हर्ने गरौं,
- विलमा मिति, विजक नम्बर र किनमेल गरिएको स्थान सही छ वाछैन जाँच गरौं,
- प्राप्त बिल वा रसिदलाई सुरक्षित राखौं,
- विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र एब्ल नम्बर उल्लिखित भए/नभएको हेरौं,
- कुनैपनि वस्तु तथा सा खरिद गरेपछि विल/बिजक माग्ने गरौं,

**बिक्रेताले:**
ग्राहकलाई सामग्री खरिद गरेको विल अनिवार्य रुपमा दिऔं,
- विल बमोजिमको सामान उपलब्ध गराऔं,
- सामान खरिद बिक्री गर्दा विल अनिवार्य लिने/दिने गरौं ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३/०१/२८ (11th May, 2026)**

यस चुरे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमको खरिद कार्यका लागि प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | CRM/SQ/Goods/10/082/083 | Supply And Delivery Of Sanitary Pads | Angel Touch Hygiene Manufacturing Private Limited, Siyari-2, Rupandehi | Rs 5,18,698.25 /- |

प्रमुख प्रशासकीय अधिकृत

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# जुम्लाका धिर र कल्पनालाई सातौं जुम्ला-रारा अल्ट्रा म्याराथनको उपाधि




◣गोल्डेन बुढा
जुम्ला, २७ वैशाख ।

हिमाली चिसो हावा, उकालोले भरिएको जोखिमपूर्ण पदमार्ग र अक्सिजनको कमीबीच शनिबार सम्पन्न सातौं जुम्ला-रारा अल्ट्रा म्याराथनमा धीर बुढा र कल्पना बुढाले इतिहास रचेका छन्। जुम्लाको चन्दननाथ-भैरवनाथ मन्दिरबाट सुरु भएको ५४ किलोमिटरको कठिन दौड पार गर्दै उनीहरूले क्रमशः पुरुष र महिलातर्फ उपाधि हात पारेका हुन् ।

जुम्लाको कनकासुन्दरी गाउँपालिका-१ का ३५ वर्षका धीर बुढाले ६ घण्टा ९ मिनेट ८ सेकेन्डमा दूरी पूरा गर्दै पुरुषतर्फ स्वर्ण पदक जिते । धिर हाल डिभिजन बन कार्यालयमा कार्यरत छन् । महिलातर्फ पातारासी गाउँपालिका-२ की १८ वर्षीया कल्पना बुढाले ७ घण्टा ७ मिनेट १२ सेकेन्डमा दौड पूरा गर्दै उपाधि चुमिन् ।

कल्पना कर्णाली स्पोट्र्स क्लबका खेलाडी हुन्।दुबै खेलाडीको जितले कर्णालीको दुर्गम भूगोलभित्र लुकेको खेल क्षमता फेरि एकपटक राष्ट्रिय स्तरमा उजागर गरेको छासमुद्री सतहदेखि उच्च उचाइमा आयोजना हुने यो प्रतियोगिता नेपालकै कठिन अल्ट्रा म्याराथनमध्ये एक मानिन्छ। चन्दननाथ मन्दिरबाट सुरु हुने दौड डाँफेलेक, काभ्रागुफा, भुलभुले हुँदै चुचेमाराको लेक पार गरेर राराताल पुगेर टुंगिन्छ। साँघुरा गोरेटो, उकालो ओरालो, हावाहुरी र लेकाली चिसोबीच धावकहरूले आफ्नो सहनशीलता, साहस र मानसिक दृढताको परीक्षा दिएका थिए ।

कर्णाली स्पोट्र्स क्लब जुम्लाका सचिव मधुराज न्यौपानेका अनुसार स्वास्थ्य परीक्षण गराएका ६० जनामध्ये ४९ जना मात्रै दौडमा सहभागी भएका थिए। तीमध्ये ४५ जना मात्रै रारातालसम्म पुग्न सफल भए। "यो दौड होइन, धैर्यता र संघर्षको परीक्षा हो," न्यौपानेले भने। पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका रामेछाप गोकुलगंगा गाउँपालिका -४ का ४४ वर्षीय होमलाल श्रेष्ठले ६ घण्टा ११ मिनेट २२ सेकेन्डमा दूरी पार गर्दै दोस्रो स्थान हासिल गरे ।

त्यस्तै त्रिभुवन आर्मी क्लबका रामेछापकै गोकुलगंगा गाउँपालिका -५ का ३० वर्षीय गोपाल तामाङ ६ घण्टा १३ मिनेट ३४ सेकेन्डसहित तेस्रो भए। जुम्लाको कनकासुन्दरी-२ का चन्द्र रावत सान्त्वना स्थान भए, भने सोलुखुम्बुको महाकुलुङ गाउँपालिका-४ लुचाम गाउँका २२ वर्षीय मिलन राई पाँचौं भए। महिलातर्फ त्रिभुवन आर्मी क्लबकी डोल्पा ठुलीभेरी नगरपालिका -५ कि २३ वर्षीया सुनसरी रोकायाले ७ घण्टा १८ मिनेट ५३ सेकेन्डमा दूरी पार गर्दै दोस्रो स्थान हासिल गरिन् ।

जुम्लाको पातारासी-२ कि कर्णाली स्पोट्स क्लबका १८ वर्षीया सन्देवा बुढाले ७ घण्टा ३८ मिनेट ४७ सेकेन्डमा दौड पूरा गरी तेस्रो स्थान सुरक्षित गरिन् । जुम्लाकै गुठिचौर गाउँपालिका-३ की राज्यलक्ष्मी रावल चौथो र पुष्पा सेर्माले पाँचौं स्थान प्राप्त गरे । प्रतियोगितामा प्रथम हुने महिला तथा पुरुष खेलाडीलाई जनही एक लाख रुपैयाँ नगद, स्वर्ण पदक र प्रमाणपत्र प्रदान गरिएको छ। दोस्रो हुनेलाई ७५ हजार रुपैयाँसहित रजत पदक तथा तेस्रोलाई ५० हजार रुपैयाँसहित कास्य पदक प्रदान गरिएको आयोजकले जनाएको छ।

## घुयँत्रो

सरकारले जग्गा दर्ता सम्बन्धि सम्पूर्ण पर्कृयाको अधिकार स्थानीय निकायलाई दिने भन्ने कुरा सरकारले उठाई रहेको र स्थानीय निकायहरु पनि त्यो काम आँफैले गर्न उत्साहित भएर सरकारसित मालमोत र नापीको काम गर्न आँफुहरु तयार रहेको कुरा सामाजिक सञ्जालमा देखिएका छन । जनतालाई अनिवार्यरुपमा पुर्याउनु पर्ने सेवा सुविधाका लागि जनताको घरदैलोमै रहेको स्थानिय निकायलाई दिनु अत्यन्त राम्रो कुरा हो । गणतन्त्रान्त्रिक व्यवस्था भनौं या संघियताको मर्मपनि त्यै हो । तर स्थानीय निकायमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधि कानुनमा त्यति परिपक्व पनि नहुने र एकआधवाहेक जनप्रतिनिधिहरु निस्वार्थी र सफा नियतका पनि छैनन । उनिहरु आफ्नोलाई वर र विरानोलाई पर अर्थात नहुने कामलाई नि हुने र हुने कामलाई नहुने भन्दै जनतालाई दुख दिन सक्छन भने सम्पतिबाट सम्बन्धित ब्यक्तिको हकै पनि मेटाई दिन सक्छन त्यसैले सरकारले स्थानीय निकायलाई मालपोत र नापि तथा जग्गा दर्ताको अधिकार दिनुभन्दा अगाडि १० पटक निधार खुम्च्याएर सोच्नु पर्ने देखिन्छ । खासगरि मधेस प्रदेशका जनप्रतिनिधि अत्यन्त भष्टाचारी र उनिहरु जग्गाधनीलाई थाहै नदिई उसको हक मेटाई दिन आँफैले किर्ते नागरिकता समेत बनाएर तथा भारतियहरुलाई नानगरयकता दिएर जग्गै बेचि दिन सक्दछन । विगतदेखिको तराई मधेसको रेकर्ड हेर्ने हो भने पनि मधेसका नेताहरुको नियत अत्यन्त तल्लो स्तरको देखिने गरेकोछ । त्यसैले पनि जग्गा सम्बन्धिकाम गर्ने अधिकार स्थानिय निकायलाई दिईनु हुँदैन । कथंकदाचित यीनिहरुलाई दिइहाल्यो भने पनि समाजमा यति धेरै मुद्दा पर्नेछन र समाज यति अशान्त हुनेछ कि त्यसपछि सरकारको काम पछुताउनुबाहेक केही हुने छैन । जसरी पहिले पहिले सुकुम्बासीलाई जग्गा दिने भनेर जग्गा नदिई आयाग बनाउने र ढुकुटि सक्ने काम भयो र सुकुम्बासीहरु दिन दुई गुना रात चौगुनाकादरले बृध्दि भएर देशका पुराना राजनीतिक दलहरुका भोट बैंककारुपमा स्थापित हुन थाले त्यसैगरि यो सरकारले पनि स्थानीय निकायलाई जग्गा सम्बन्धि अधिकार दियो भने समस्या सुकुम्बासीको जस्तै भयाबह हुनेछ र समाधानका लागि धेरै पापड बेल्नु पर्ने स्थिति आउन सक्दछ । यसकारण पनि सरकारले जनप्रतिनिधि पूर्णतया इमानदार नभईकन जग्गा सम्बन्धि मालपोत र नापीले पाएको अधिकार स्थानीय निकनयलाई दिईनु हुँदैन । तथापि स्थानीय निकायमा सरकारको प्रतिनिधि कर्मचारी पनि हुन्छन र कर्मचारीले जनप्रतिनिधिलाई छाडा हुन नदिन र जग्गाको विषयमा ब्यालेन्स राख्न सक्छन भन्ने कुरा आउन सक्छ ।तर व्यवहारमा ऐलेका जनप्रतिनिधिले कर्मचारीलाई पनि लोभलालचमा पारेर वा शारीरिकरुपमा आक्रमण नै गरेर पनि जग्गामा हक मेटाई दिन सक्दछन । किनभने स्थानीय जनप्रतिनिधिले कर्मचारी माथि हातपात गरेका र काम गराई रहेका प्रसस्त बाहिरिएका छन । त्यसैले यस्तो देखिदेखि स्थानीय निकायलाई विश्वास गर्न मिल्दैन । देशमा विद्यमान यावत अबस्था र भष्टाचारको विगविगि चलि रहेको बेला भष्टाचार रोक्न भनेर आएको सरकारले झन भष्टाचारको बाटो खोलेर अगाडि बढनु पक्कैपनि सर्वसाधारण जनताको हितमा हुन सक्दैन ।त्यसैले सरकारले ऐले मनलपोत र नापिले गरेको काम र पाएको अधिकार उनिहरुकै हुनु पर्दछ । स्थानीय निकायलाई दिने बेलै भएको छैन जब स्थानीय जनप्रतिनिधि भष्टाचार विहिनबन्लान जनताले उनिहरुमाथि विश्वास गर्लान तबमात्र जग्गासम्बन्धी अधिकार स्थानिय निकायलाई दिनु पर्दछ ।

# प्रभावकारी बन्दै आवास वीमा कार्यक्रम

◣युग संवाददाता
बाँके, २७ वैशाख ।

गत वर्षको भदौमा परेको अविरल वर्षाले नेपालगञ्ज उपमहानगरपालिका-७ निवासी उत्तमसिंह पञ्जावीको घर भत्कियो। वर्षौं दुःख गरेर बनाएको घर क्षतिग्रस्त भएपछि उहाँको परिवारलाई निकै तनाव भएको थियो।

"त्यो रात सम्झिँदा अझै डर लाग्छ। निरन्तरको पानीले घरको केही भाग भत्कियो। परिवारका सबै सदस्यले भागेर ज्यान जोगायौँ", पञ्जावीले विगत सम्झिँदै भने, "सबैभन्दा ठूलो चिन्ता साना बालबालिकाको थियो। त्यसमाथि फेरि घर बनाउन आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्ता थियो। धेरै दिनसम्म निद्रा लाग्दैनथ्यो।"

आर्थिक अवस्था कमजोर भएका कारण तत्काल घर मर्मत गर्ने सम्भावना पनि थिएन, तर नेपालगञ्ज उपमहानगरपालिकाले लागू गरेको आवास बिमा कार्यक्रम उहाँका लागि वरदान भयो। राष्ट्रिय बिमा कम्पनीमार्फत गरिएको बिमाअन्तर्गत रु दुई लाख ३२ हजार ९०० दाबी भुक्तानी पाएपछि पञ्जावीको घर फेरि ठडिएको छ।

नगर प्रमुख प्रशान्त विष्टले पहिलो लाभग्राहीका रूपमा चेक हस्तान्तरण गर्दा आफू भावुक बनेको क्षण सम्झिँदै उनले भने, "पहिले घरको बिमा किन गरिरहनुपर्‍यो र भन्ने लागेको थियो, घर भत्किएपछि पो थाहा पाइयो बिमाको महत्व। हाल त्यही बिमाका कारण ओत लाग्ने अवस्था बनेको छ। आवास बिमा कार्यक्रम विपद्को समयमा गरिब तथा न्यून आय भएका परिवारका लागि त ठूलो सहारा हुँदो रहेछ।"

नेपालगञ्ज उपमहानगरपालिकाले विपद्जन्य जोखिम न्यूनीकरणका लागि वडा नं ३ र ७ मा आवास बिमा कार्यक्रम लागू गरेको छ। जोखिमयुक्त परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत हालसम्म एक सय ८४ परिवारमा यसमा आबद्ध भएका छन्।

नगर प्रमुख विष्टले विपद् आएपछि राहत वितरण गर्नुभन्दा विपद् आउनुअघि नै सुरक्षाको आधार तयार गर्ने उद्देश्यसहित आवास बिमा कार्यक्रम लागू गरिएकामा हाल प्रभावकारी बन्दै गएको बताए। "विपद् कहिले आउँछ भन्ने निश्चित हुँदैन, तर त्यसको असर कम गर्न पूर्वतयारी गर्न सकिन्छ। सोही सोचअनुसार सुरु गरिएको बिमा कार्यक्रम प्रभावकारी बन्दै गएको छ", उनले भने।

नगर प्रमुख विष्टले दुई वडाबाट सुरु गरिएको कार्यक्रम हाल वडा नं ८ र ११ मा पनि विस्तार गरिएको र आगामी दिनमा सबै वडाका जोखिमयुक्त परिवारलाई यसमा समेट्ने योजना रहेको जानकारी दिए। नेपालगञ्जले सुरु गरेको यस्तो कार्यक्रमबाट प्रभावित हुँदै नरैनापुर गाउँपालिका, कोहलपुर नगरपालिका र खजुरा गाउँपालिकाले यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने तयारी गरेका छन्। विपद् सम्पर्क व्यक्ति दिपेन्द्र श्रेष्ठले आवास बिमा कार्यक्रमले समुदायमा विपद्बारे सचेतना बढाउनुका साथै क्षतिपछि पुनःस्थापनामा सघाउ पुगेको बताए। "पहिला नागरिकले बिमा भनेपछि झन्झट मान्थे, हाल लाभ पाउन थालेपछि समुदायमा विश्वास बढ्दै गएको छ", उनले भने, "यसबाट प्रभावित हुँदै अन्य स्थानीय तहले पनि कार्यक्रम लागू गर्ने तयारी गरेका छन्। यो राम्रो पक्ष हो।"

यहाँ बिमाको प्रिमियम रकम उपमहानगरपालिकाले ब्यहोर्ने गरेको छ भने क्षतिको अवस्थाअनुसार बिमितलाई रु १५ लाखसम्म रदिने व्यवस्था गरिएको छ। स्थानीयवासीका अनुसार पछिल्ला वर्षमा अविरल वर्षा, डुबान र हावाहुरीका घटना बढ्दै गएका छन्। यसबाट कमजोर संरचना बनाएर बस्ने परिवार बढी प्रभावित हुने गरेका छन्। यस्तो अवस्थामा आवास बिमा कार्यक्रमले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

यूनिक डेण्टल केयर होम
मो. ९८४९९८७९३३, ९८१३१९६५००

Dental Tips
1.फ्लोराइड भएको टूथपेस्टले दिनमा २ पटक ब्रस गर्ने
2.मिठाई, जङ्क फुड र कोल्ड ड्रिङ्क जस्ता दाँतमा टाँसिने कुराहरू कम खाने।
3.६ महिनामा एक पटक दन्त चिकित्सकलाई चेक–अप गराउने।



हाम्रो विशेष दन्त प्याकेज
विवाह प्याकेजहरू 15% छुट
आर्मी सेलेक्सन प्याकेज 25% छुट
जागिरे प्याकेज 20% छुट
विद्यार्थी प्याकेज 25% छुट
व्यापारी प्याकेज 20% छुट

डा. शक्ति वि क
जेनरल एस्थेटिक डेण्टिष्ट
NMC No. ३६२६०

डा. मुक्ति रानाभाट
कन्सल्टेण्ट अर्थोडोण्टिस्ट
NMC No. १४९९३

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।